


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

श्रमको सम्मान गरौं
कामलाई सानो वा ठूलो नभनौं,
स्वदेशमै व्यापार व्यवसाय गरौं,
रोजगार भई राष्ट्र निर्माणमा
सहभागी होऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क ३५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस ३० गते शुक्रबार ❑ 14 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रदेशको जिडिपी बनाउनुपर्नेमा मुख्यमन्त्रीको जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ पुस**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशले आफ्नो आर्थिक क्षमता अनुसार प्रगति गर्न नसकेको भन्दै बृहत आर्थिक परिसूचकको सुधारमा विशेष पहल गर्नु बताएका छन् ।

प्रदेश विकास समस्या समाधान समितिको बैठक एवं चालु आर्थिक वर्षको प्रथम चौमासिक प्रगति समीक्षा बैठकमा बिहीबार मुख्यमन्त्री पोखरेलले प्रदेशले विकासको विशिष्ट सम्भावना बोकेको भए पनि देशको कुल ग्राहस्थ उत्पादनमा जम्मा ८.७ प्रतिशत योगदान रहनुनले प्रदेशको अवस्था कमजोर रहेको दर्शाउने भनाइ राखे । अधिकांश सामाजिक सूचक राम्रो रहेको भएता पनि जिडिपिमा योगदान कम भएकाले यसमा सुधार हुनुपर्ने भनाइ उनको थियो । प्रदेशले १०.२ प्रतिशतको औसत आर्थिक बृद्धिको लक्ष्य लिएको छ । यसका लागि १० खर्ब १२ अर्ब लगानी गर्नुपर्ने प्रक्षेपण समेत गरेको छ । जसमा ६४.४ प्रतिशत निजी क्षेत्रको लगानी आउने अपेक्षा गरिएको मुख्यमन्त्री पोखरेलले बताए । उनले भने, यसले निजी क्षेत्रमैत्री नीति तथा कार्यक्रम र कार्यशैली निर्माण गर्नु आवश्यक छ भन्ने देखाउँदछ ।' मुख्यमन्त्री पोखरेलले पहिलो चौमासिकमा भएको खर्च प्रगतिप्रति सन्तोष जनाउने अवस्था नभएको भनाइ राखे । उनले भने, ' वर्षभर कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमको तयारी पूरा गर्ने र दोस्रो चौमासिकदेखि त्यसको प्रभावकारी कार्यान्वयन गर्ने नै हो । तर गएको



पहिलो चौमासिकमा हामीले गरेको खर्च र प्राप्त गरेको भौतिक प्रगतिले आगामी दिनमा थप मेहनत गर्न नसकने हो भने निर्धारित कार्यक्रमहरु सम्पन्न हुने देखिँदैन ।' विगतमा जस्तै सम्पूर्ण जनप्रति नधि, राष्ट्रसेवक कर्मचारी, आम नागरिक सबैले योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न उनले आग्रह गरे ।

साधन स्रोतको सीमितता र महामारीले सिर्जना गरेको चुनौतीका बीच हामीले आफ्ना सम्पूर्ण क्षमतालाई नागरिकको सेवा र प्रदेशको समृद्धिमा एकीकृत गरेको उनको भनाइ थियो । प्रदेशबाट सक्दो प्रयत्न हुँदै आएता पनि प्रदेशको समृद्धिको अपुरो यात्रा र नागरिकको उच्च र अतृप्त विकास चाहनाले हाम्रा प्रयासहरु पर्याप्त हुन नसकेको उनले बताए । 'नागरिकको जीवनमा सहजता ल्याउने, सामाजिक र आर्थिक अवस्थामा सुधार गर्ने र भौतिक सर-सुविधामा स्तरोन्नती गर्न धेरै मेहनत गर्न बाकी छ,' उनले भने । प्रदेशका तमाम विकास आवश्यकता पूरा गर्न तथा नागरिकलाई चुस्त सेवा प्रदान गर्नका लागि यो सरकार निरन्तर लाग्दै आएको मुख्यमन्त्री पोखरेलले बताए । यो सरकार निर्माण भएदेखि नै प्राकृतिक प्रकोप अर्थात् बाढी पहिरोले निकै समस्या सिर्जना गरेको उनले स्मरण गरे । स्वास्थ्य सुविधाको उचित व्यवस्था, कोभिड विरुद्धको खोपको व्यवस्थित प्रबन्धले कोरोनाको प्रभाव घट्दै गएको अवस्थामा फेरी अनायस फैलिएको तेस्रो लहरले हाम्रा आर्थिक र सामाजिक जनजीवन थप जोखिममा पर्ने संकेत देखिएको प्रति उनले चिन्ता व्यक्त गरे ।

नागरिकको गतिशील सोच र चाहनालाई विकासले सम्बोधन गर्नु पर्ने हुने भन्दै विद्यमान महामारीले हाम्रा विकास प्राथमिकता, स्रोतको आवश्यकता र विकासको अवधारणाबारे समेत भिन्न रुपमा सोच्न सजग गराएको उनको भनाइ थियो । उनले भने, 'हामीले प्रदेशको आवधिक योजना तर्जुमा गरेर कार्यान्वयनमा ल्याएका छौं । स्थानीय तहहरुले योजनाबद्ध ढंगबाट विकास गतिविधि सञ्चालन गरेका छन्' भने र नागरिक सेवालाई घरदैलोमा पुऱ्याउने कार्यलाई निरन्तरता दिँदै आएका छन् ।' मुलुकको पन्ध्रौं योजना, विश्वव्यापी विकास एजेन्डादिगो विकास लक्ष्य, मुलुकको दीर्घकालीन सोच र संविधानले प्रत्याभूत गरेका आधार भूत विषयलाई आत्मसात गरी आवधिक योजना कार्यान्वयन गर्दै आएको उनले बताए ।

मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न गरी योजना तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, प्राप्त भएका मुख्य उपलब्धि, विकासमा देखिएका अवरोधको पहिचान र त्यसका निकासका उपाय यकीन गर्न यो बैठक गरिएको मुख्यमन्त्री पोखरेलले बताए । उनले भने, ' मन्त्रालयस्तरका निचोडहरुलाई यहाँ प्रस्तुत गरी विकास समस्या समाधान गर्न उचित निर्णय लिने छौं भने यहाँ समाधान हुन नसकेका समस्याहरु सम्मानननीय प्रधानमन्त्रीको अध्यक्षतामा निकट भविष्यमा हुने राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक तथा अन्तर प्रदेश परिषदमा पेश गर्नेछौ ।'

जनताको उच्च विकास चाहना सिमित स्रोत साधनले पूरा गर्नु परेको अवस्थामा विश्व महामारिले सिर्जना गरेको विषय परिस्थितिको सामना गर्दै पूर्व निर्धारित कार्यक्रमहरु समयमा नै सम्पन्न गरी नागरिकको जीवनलाई सहज बनाउन प्रदेश सरकार लागी परेको उनले बताए । नेपाल सरकार र स्थानीय तहसँग प्रभावकारी सहकार्य गर्दै विकासलाई तिव्रता दिन सरकार प्रयत्नरत रहने भनाइ मुख्यमन्त्री पोखरेलको भनाइ थियो । 'यस बैठकबाट आफ्नो अवस्थाको पहिचान गरी विकासमा देखिएका अवरोध हटाउन सामूहिक प्रतिबद्धता गर्ने छौं । जसले प्रदेशको विकासमा बलियो जग निर्माण गर्ने विश्वास मैले लिएको छु ।'

## कोरोना संक्रमण दैनिक बढ्दो

**राससं**
**काठमाडौं, २९ पुस**

कोरोना भाइरसको सङ्क्रमण दिनप्रतिदिन बढ्दै गएको छ । नेपालमा ओमिक्रोन भेरियन्ट पुष्टि भएसँगै सङ्क्रमण दैनिक बढिरहेको हो ।

ओमिक्रोन भेरियन्ट सङ्क्रामक बढी रहेकोले पनि पिसिआर र एन्टिजेन परीक्षणमा सङ्क्रमण दर बढेको पाइएको हो । जनस्वास्थ्यका मापदण्ड लागू नगर्ने, भीडभाडमा जाने तथा खोप नलगाउने गर्नाले सङ्क्रमण बढिरहेको पाइएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा सङ्गीता मिश्राले सङ्क्रमण गत हप्ताको तुलनामा यसहप्ता ९.२ प्रतिशतले बढेको बताउनुभयो । ओमिक्रोन भेरियन्टले सङ्क्रमण एक जनाबाट १० जनामा सार्ने गर्दछ ।

सङ्क्रमणको पहिलो लहरले एक जनाबाट अर्को दुई जनालाई तथा दोस्रो लहरमा डेल्टा भाइरसले एक जनाबाट चारदेखि पाँच जनासम्म सङ्क्रमित बढाउने गर्दथ्यो । उहाँका अनुसार अघिल्लो हप्ताको ४९ हजार ८७७ जनाको पिसिआर परीक्षणमा दुई हजार ३० जनामा सङ्क्रमण देखिएको छ । यसहप्ता ६२ हजार ७५५ जनाको पिसिआर गरिएकोमा आठ हजार ३७३ जनामा सङ्क्रमण देखिएको थियो । यस हप्ता परीक्षण २५.८ प्रतिशतले गरेका छन् । यसहप्ताको सङ्क्रमण दर १३.३ प्रतिशत छ । एन्टिजेन परीक्षण गर्दा ६.७ प्रतिशतले पछिल्लो हप्ताको तुलनामा यसहप्ता सङ्क्रमण बढेको पाइएको छ । खोप नलगाउने व्यक्तिमा लगाएको भन्दा १० गुणा बढी सङ्क्रमण बढ्छ । यस्तै खोप नलगाएकालाई अस्पतालमा भर्ना भएर गाऱ्हो ओमिक्रोनले १७ गुणा र मृत्यु हुने सम्भावना पनि २० गुणा बढाउने गर्ने अध्ययनले देखाएको छ ।

**एक हप्तामै १० हजार सङ्क्रमित**

नेपालमा एक हप्तामा १० हजार सङ्क्रमित फेला परेका छन् । यही पुस २२ गतेदेखि पुस २८ गतेसम्म १० हजार ५८४ जनामा सङ्क्रमण पुष्टि भएको छ । पुस २२ गते ५४०, पुस २३ गते ९६८, पुस २४ गते ९४४, पुस २५ गते एक हजार १६७, पुस २६ गते एक हजार ४४६, पुस २७ गते दुई हजार ४४४ तथा पुस २८ गते तीन हजार ७५ जनामा कोरोना सङ्क्रमण देखिएको थियो ।

**खोपमा पनि वृद्धि**

खोप लगाउनेको सङ्ख्यामा पनि वृद्धि भएको छ । मन्त्रालयका प्रवक्ता डा मिश्राका अनुसार गतहप्ताको तुलनामा यस हप्ता दुई प्रतिशतले खोप लगाउने सङ्ख्यामा वृद्धि भएको छ ।

दोस्रो मात्रा लगाउनेमा चार प्रतिशतले वृद्धि भएको छ । लक्षितमध्ये अहिलेसम्म ७६.९ प्रतिशतले पहिलो मात्रा र ५७.६ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् । बुधबार दुई लाख १४ हजार ५७ जनाले कोरोनाविरुद्धको खोप लगाएका छन् । सरकारले लक्षित समुदायलाई यही पुस मसान्तसम्म दुई तिहाईलाई खोप लगाउने लक्ष्य लिएको छ । कोरोना भाइरसको खोप वाग्मती र गण्डकी प्रदेशले लक्ष्य अनुसारको लगाइसकेका छन् । बाँकी प्रदेशले खोप लगाउने कार्यलाई द्रुत बनाएका छन् ।

सङ्क्रमण बढेसँगै सबै सर्तक हुनुपर्ने र जनस्वास्थ्यका मापदण्ड अझै कडाइका साथ गर्नुपर्ने देखिन्छ ।

मन्त्रालयले कोही पनि सङ्क्रमण भएको वा कन्ट्याक्ट ट्रेसिङमा परेका कम्तीमा पाँच दिन क्वारेन्टिनमा बसेर मात्र परीक्षण गराउन आग्रह गरेको छ । लक्षण देखिएका व्यक्तिले तुरुन्तै परीक्षण गराउन मन्त्रालयले सबैमा अनुरोध गरेको छ ।

## पाँच महिनामा तीन खर्ब ८८ अर्ब विप्रेषण भित्रियो

**राससं**
**काठमाडौं, २९ पुस**

प्रमुख श्रम गन्तव्यमा देखिएका अनेकन अवरोधका कारण विप्रेषण आप्रवाहमा गिरावट आएको छ । नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको पाँच महिनाको विवरणमा विप्रेषण आप्रवाह ६.८ प्रतिशतले घटेको छ ।

सो अवधिमा कूल रु तीन खर्ब ८८ अर्ब ५८ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११.० प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.३ प्रतिशतले कमी आई ३ अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ६.४ प्रतिशतले बढेको थियो । सो अवधिमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रदेशको पहिलो सामुदायिक 'जेरियाट्रिक' स्वास्थ्य सेवा शुभारम्भ

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ पुस**

गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधुमाया अधिकारी (गुरुङ) ले जनताका स्वास्थ्यसम्बन्धी नैसर्गिक अधिकारको रक्षा गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

प्रदेश सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सहयोगमा पोखरा वृद्धाश्रममा स्थापित प्रदेशको पहिलो सामुदायिक जेरियाट्रिक(ज्येष्ठ नागरिक वार्ड) स्वास्थ्य सेवाको आज शुभारम्भ गर्दै उहाँले भौतिक पूर्वाधार तथा दक्ष जनशक्ति व्यवस्थापन सरकारको पहिलो प्राथमिकता रहेको बताउनुभयो । कोभिड-१९ को तेस्रो लहर ओमिक्रोनको सङ्क्रमणबाट जोगिन उच्च मनोबलका साथ पूर्णरुपमा स्वास्थ्य मापदण्डको पालन गर्नु अपरिहार्य भएको बताउँदै मन्त्री अधिकारीले प्रदेश सरकारले नागरिकलाई सर्वसुलभरुपमा खोपको व्यवस्था गर्दै आएको बताउनुभयो । प्रदेशमा कोभिडको कारण ज्यान गुमाउने परिवारका लागि जनही रु ५० हजार र आश्रित बालबालिकाका लागि मासिक पाँच हजार रुपैयाँको व्यवस्था गर्नका




लागि आवश्यक कार्यविधि तयार भइहेको उहाँले जानकारी दिनुभयो । पोखरा वृद्धाश्रमले समाजका विपन्न, असहाय र बेवारिसे अवस्थाका ज्येष्ठ नागरिकलाई सेवा प्रदान गरेर राज्यको भूमिका निर्वाह गरेको बताउँदै मन्त्री अधिकारीले प्रदेश सरकारबाट आश्रम सञ्चालनका लागि आवश्यक सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । पोखरा वृद्धाश्रमका अध्यक्ष कुसुमकेशव पराजुलीले जेरियाट्रिक सेवा सञ्चालनसँगै वृद्धाश्रमका आमाबुबाका लागि मात्र नभई समाजका सम्पूर्ण ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिने जानकारी दिनुभयो । दक्ष जनशक्तिद्वारा स्वास्थ्य परीक्षण, उमेर समूहका आधारमा ज्येष्ठ नागरिकमा देखिने समस्याको समाधान, औषधि सेवनलगायत आवश्यक सुविधा उपलब्ध गराउन सेवा प्रभावकारी हुने विश्वास व्यक्त गर्दै उहाँले यसको निरन्तरताका लागि तीनै तहका सरकारको साथ र सहयोग आवश्यक रहने बताउनुभयो । आश्रममा हाल विभिन्न जिल्ला र समुदायका ४५ जना ज्येष्ठ नागरिकसहित ५५ जना आबद्ध हुनुहुन्छ ।

कार्यक्रममा वृद्धाश्रमको निरन्तरताका लागि सञ्चालित अक्षयकोषमा रु ५५ हजार ५५५ प्रदान गर्नु हुने केदारनाथ अधिकारी र २५ हजार १२५ रुपैयाँ प्रदान गर्नुहुने सुन्दर विजय कोइराला तथा वृद्धाश्रमका उत्कृष्ट कर्मचारी लक्ष्मी सुवेदीलाई सम्मान गरिएको थियो ।

## १५ हजार परीक्षण गर्दा तीन हजार बढीमा संक्रमण

**राससं**
**काठमाडौं, २९ पुस**

पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमण तीन हजार ५५३ जनामा देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बिहीबार सार्वजनिक गरेको बुलेटिनमा १५ हजार ८१ परीक्षण गर्दा तीन हजार ५५३ सङ्क्रमण पुष्टि भएको हो । परीक्षण गराएकामध्ये २३.६ प्रतिशतलाई सङ्क्रमण देखिएको छ । सक्रिय सङ्क्रमितको सङ्ख्या १४ हजार ३४० पुगेको छ ।

पछिल्लो समय थप २७१ जना कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको सङ्ख्या आठ लाख १५ हजार ३४७ पुगेको छ । निको हुने दर ९६.९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । विगत २४ घण्टामा एक जनाको सङ्क्रमणको कारणले निधन भएको छ । अहिलेसम्म ११ हजार ६१० जनाको निधन भएको छ । ५०० भन्दा बढी सङ्

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नगरपालिकाहरुको आधामात्र फोहोर संकलन

पोखरापत्र संवाददाता

पोखरा, २९ पुस

नेपालका नगरपालिकाहरुमा फोहोर व्यवस्थापन चुनौतिपूर्ण देखिएको छ।

देशका २ सय ९३ नगरपालिकामा भएको सर्भेक्षणमा आधा फोहोरमात्र स्थानीय सरकारले संकलन गर्न सकेको देखिएको छ। केन्द्रीय तथ्यांक विभागले गरेको फोहोरमैला व्यवस्थापना सर्वेक्षण २०७६ को प्रतिवेदनले यस्तो औंल्याएको छ। बुधबार पोखरामा आयोगले सर्भेक्षणको प्रतिवेदनमाथिअन्तर्क्रियाआयोजना गरेको छ। फोहोरमैलालाई जैविक, अजैविक र अन्य गरी ३ वर्गमा विभाजन गरी तथ्यांक संकलन गरिएको छ। नेपालका ४१ प्रतिशत नगरपालिकाले मात्र ल्यान्डफिल साइट प्रयोग गरेको सर्भेक्षणमा देखिएको छ। संकलित फोहोरमध्ये ४८.६ प्रतिशतमात्र ल्यान्डफिल साइटमा व्यवस्थापन गरिएको र ४.१ प्रतिशतमात्र पुनः प्रशोधन भएको देखिएको छ। फोहोर व्यवस्थामा मुख्य समस्याबारे प्रतिवेदनमा भनिएको छ, 'जनचेतनाको कमी, ल्यान्डफिल साइटको समस्या तथा नगरपालिकाहरुमा जनशक्ति, बजेट र पूर्वाधारको कमी देखिएको छ। विभागका निर्देशक सुशीलकुमार शर्माले सर्भेक्षणबारे प्रकाश



पारेका थिए। उनले वातावरण तथा सरसफाइका लागि नगरपालिकाहरुले १.७७ प्रतिशतमात्र बजेट खर्च गर्ने गरेको उल्लेख गरे। २ सय ९३ नगरपालिकामध्ये १२ नगरपालिकामा फोहोरमैलाबारे कुनै तथ्यांक नपाइएको उनको भनाइ छ। महानगरमै सेनिटरी ल्यान्डफिल साइट नभएको, ल्याडफिल साइटै नभएका नगरपालिका पनि रहेको तथ्यांक प्रस्तुत गर्दै उनले ६० प्रतिशत सहरी बसोबास रहेको नेपालले फोहोरमैला व्यवस्थापनलाई प्राथमिकता दिनैपर्ने उल्लेख गरे। कार्यक्रममा त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञानका प्राडा केदार रिजालले यो सर्भेक्षणले पुराना नगरपालिकाको अवस्था देखाएको र नयाँ नगरपालिकालाई योजनावद्ध रुपले फोहोर व्यवस्थापन गर्न सघाउने उल्लेख गरे। सरसफाइ सभ्यताको प्रतीक भएको उल्लेख गर्दै उनले स्थानीय सरकारको सक्रियताबिना यो समस्या समाधान नहुने जनाए।

फोहोर उत्पादन नै कम गर्ने उपायबारे सर्वसाधारणलाई सचेत बनाउन उनले सुझाव दिए। प्राडा रिजालले भने, 'संसारमै महंगो स्रोत हो जमिन। फोहोरलाई स्रोतमै घटाउने उपाय गर्नु जरुरी छ। यसो हुँदा व्यवस्थापन गर्न सजिलो हुन्छ।'

विभागका निर्देशक प्रमोदराज रेग्मीले फोहोर उत्पादन र व्यवस्थापनबारे अध्ययन गर्दा यसको मापनविधि मुख्य चुनौति देखिएको जनाए। विभागको उपमहानिर्देशक हेमराज रेग्मीले विभागले सबैलाई आवश्यक पर्ने तथ्यांक उपलब्ध गराउने दायित्व यथाशक्य बहन गरिरहेको बताए। विभागले जनगणनादेखि विभिन्न सर्वेक्षण, गणना गरिरहने उल्लेख गर्दै यसबाट आएका तथ्यांकले योजना निर्माणमा सघाउने जनाए। वालिङ नगरपालिका सरसफाइ शाखाका शाखा अधिकृत पदमप्रसाद पाण्डेलेनगरपालिकाले बिनाखर्च गरिरहेको फोहोर व्यवस्थापनको अनुभव सुनाए। १० वर्षपहिले नगरपालिकाले ३५ सरसफाइ व्यवस्थापन समिति बनाएर टोल टोलमा सचेतना अभियान चलाएको जानकारी दिए। उनले भने, 'हामी फोहोरै भन्दैनौं। सरसफाइ केन्द्रका रुपमा विकास गरेका छौं। नागरिक सचेत छन्। हामीसँग १० जनामात्र कुचिकार छन्।' पोखरा महानगरकी सरसफाइ महाशाखा प्रमुख कल्पना बरालले ९ निजी कम्पनीसँग साझेदारी गरी फोहोर व्यवस्थापन भइरहेको जानकारी दिइन्। उनले नयाँ ल्यान्डफिल साइटका लागि जाग्गा प्राप्तिमै समस्या भएको उल्लेख गरिन्। व्यास नगरपालिकाका वरिष्ठ अधिकृत कृष्णराज घिमिरेले स्थानीय, वन समूह आदिको विरोधले फोहोर व्यवस्थापनका लागि उचित ठाउँ नपाएको उल्लेख गरे। उनले भने, 'नदी किनारमा थुपार्ने गरेका छौं। ल्यान्डफिल साइटका लागि जग्गा नै पाइएको छैन।'

कार्यक्रममा तथ्यांक कार्यालय पोखराका प्रमुख जगुलाल बस्यालले पनि बोलेका थिए।



दीप प्रज्वलनः शहीद विजय ढकालको १७ औं स्मृति दिवसका अवसरमा विजय ढकाल स्मृति प्रतिष्ठानको आयोजनामा बिहीबार साँझ पोखराको शहीद पार्कमा दीप प्रज्वलन गरिँदै। तस्वीर : कृष्ण दवाडी,रासस

# अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगता : बगरभाइ खलक सेमिफाइनलमा

पोखरापत्र संवाददाता

पोखरा, २९ पुस

पाँचौं स्व रञ्जित गुरुङ स्मृति तथा ११औं बगरभाइ खलक एट-ए-साइड अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताअन्तर्गत बगरभाइ खलक हरियो टिम सेमिफाइनलमा प्रवेश गरेको छ। पोखराको टुँडीखेलमा जारी प्रतियोगितामा पूर्वराष्ट्रिय खेलाडी ईश्वर 'चन्द्र'को उत्कृष्ट प्रदर्शनमा आयोजक टिम प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो।

'स्वास्थ्यका लागि एक घण्टा व्यायाम, नागरिकका लागि नौलो आयाम' भन्ने मूल नाराका साथ सुरु भएको उक्त प्रतियोगिताअन्तर्गत आज भएको क्वार्टरफाइनल खेलमा पाहुना टोली भनिमण्डल ललितपुरलाई २-० ले पराजित गर्दै बगरभाइ खलकले अन्तिम चारणमा स्थान पक्का गरेको हो। टिमका लागि म्यान अफ दि म्याचसमेत रहेका ईश्वर र प्रकाश गुरुङले समान १-१ गोलको योगदान दिए। सेमिफाइनलमा बगरभाइ खलकले आफ्नै घरेलु टोली एबिसी भेट्रान्स 'ए'को सामना गर्नेछ। पोखराको घरेलु टिम एविसी भेट्रान्स 'ए'ले पाहुना टिम हेटौँडा रातोलाई टाइब्रेकरमा ३-१ ले पन्छ्याउँदै आयोजकसँग अन्तिम चारमा भिडन्त पक्का गरेको प्रतियोगिताका प्राविधिक संयोजक खगेन्द्र गुरुङले जानकारी दिनुभयो। निर्धारित समयमा दुवै टिमबाट कुनै गोल नभएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। उक्त खेलमा एबिसीका गोलकिपर सूर्यप्रसाद शर्माले विपक्षी टिमको प्रहार जोगाउँदै म्यान अफ दि म्याच भएका हुन्। 'स्वास्थ्यका लागि दैनिक एक घण्टा अनिवार्य व्यायाम गरौँ' भन्ने उद्घोष गर्दै ४० वर्षदेखि ६५ वर्षको उमेर समूहका पाका खेलाडीको खेलबाट नयाँ पिँढीलाई खेलकूदप्रति अभिरुचि जगाई भविष्यमा खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ सुरु भएको प्रतियोगितामा एकअर्को खेलमा ललितपुरको टि वर्गर सेमिफाइनल प्रवेश गरेको छ।

खुमलटार काठमाडौँसँग निर्धारित समयमा कुनै गोल नभएपछि टाइब्रेकरमा टि वर्गर २-१ ले जित्दै सेमिफाइनल प्रवेश गरेको हो। उक्त खेलमा गोलकिपर मीनबहादुर बस्नेतले उत्कृष्ट प्रदर्शन गर्दै टिमलाई सेमिफाइनलमा पुर्‍याएका हुन्। बस्नेत म्यान अफ दि म्याच घोषित भए। टि वर्गरले हेटौँडाको नागसोती भेट्रान्सको सामना गर्नेछ। नागसोतीले बुटवल भेट्रान्ससँग टाइब्रेकरमा नै ४-३ ले जित्दै टि वर्गरसँग भिड्ने भएको हो। उक्त खेलमा बुटवलका सञ्जिव खड्की म्यान अफ दि म्याच घोषित भएका थिए। भेट्रानको संस्थागतरूपमा नेपालमै पहिलो पटक सुरु भएको उक्त प्रतियोगितामा उपाधि विजेताले रु एक लाख ५१ हजार १११ सहित रनिङ शिल्ड, पदक र प्रमाणपत्र, उपाविजेताले नगद रु ७५ हजार ५५५ सहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्ने संस्थाका अध्यक्ष दिलबहादुर गुरुङले जानकारी दिनुभयो।

प्रतियोगिताको उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई ट्रफीसहित जनही नगद पाँच हजार दिइनेछ भने सेमिफाइलन पुग्ने दुई टिमलाई जनही नगद रु १० हजार उपलब्ध गराइने छ। साथै सर्वोत्कृष्ट खेलाडीलाई ट्रफीसहित नगद रु १० हजार प्रदान गरिनेछ।

संस्थाका रमेश श्रेष्ठका अनुसार रु २० लाख खर्च र २१ लाख ५० हजार आम्दानी हुने अनुमान गरिएको प्रतियोगिताको विगत वर्षमा झैं यस वर्ष पनि सहारा युकेले द्वितीय पुरस्कार रु ७५ हजार ५५५ प्रायोजन गरेको छ भने नेपालको चौधरी ग्रुपसमेतले सहप्रायोजन गरेको छ।

# डिफेन्डिङ च्याम्पियन गण्डकी प्रतियोगिताबाट बाहिरियो

पोखरापत्र संवाददाता

पोखरा, २९ पुस

टाइगर ग्रुप अफ पोखराको आयोजनामा पोखरामा जारी 'टाइगर कप आमन्त्रित खुला क्लब महिला तथा पुरुष भलिबल च्याम्पियनसिप'अन्तर्गत आजको खेलमा पुरुषतर्फ साविक विजेता गण्डकी प्रदेश प्रतियोगिताबाट बाहिरिएको छ।

पोखरा रङ्गशालास्थित भलिबल प्रशिक्षण केन्द्रमा यही पुस २६ गतेदेखि सञ्चालन भइरहेको प्रतियोगिताअन्तर्गत विभागीय टोली नेपाल आर्मीले डिफेन्डिङ च्याम्पियन गण्डकी प्रदेशमाथि ३-१ को सेटमा जीत निकालेको हो। गण्डकीलाई पराजित गरेसँगै आर्मीको फाइनल पुग्ने सम्भावना बलियो बनेको छ। आर्मीले पहिलो सेट २५-१५ अङ्कले जित्दा दोस्रो सेट भने २०-२५ ले गुमाएको थियो। तेस्रो सेट २५-१५ अङ्कले आफ्नो पक्षमा पारेकामा प्रतिस्पर्धात्मक बनेको चौथो सेटमा आर्मीले २६-२४ अङ्कको जीत निकाल्न सफल बन्यो। यसैगरी पुरुषतर्फको अर्को खेलमा हेल्प नेपाल स्पोर्टस् क्लबले विभागीय नेपाल एपिएफ क्लबलाई ३-१ को सेटमा पराजित गर्दै फाइनल यात्रालाई थप बलियो बनाएको छ। हेल्प नेपालले एपिएफ क्लबलाई २३-२५, २५-२०, २५-१५ र २५-१९ अङ्कले खेल आफ्नो पक्षमा पार्न सफल भयो। जीतसँगै हेल्प नेपालको तीन खेलबाट सात अङ्क पुगेको छ। प्रतियोगितामा एपिएफको लगातर चौथो पराजय हो। यता महिलातर्फको एक खेल भने खेल जारी रहँदै अँध्यारो भएपछि स्थगित गरिएको छ। न्यू डायमण्ड र विभागीय टोलीबीचको खेलमा न्यू डायमण्ड २-१ सेटले अगाडि रहेको अवस्थामा खेल अवरुद्ध बनेको प्राविधिक संयोजक तहलसिंह मगरले बताउनुभयो। यस्तै महिलातर्फको एक अर्को खेलमा भने आयोजक टाइगर ग्रुप विभागीय टोली नेपाल आर्मीसँग ३-१ सेटले पराजित भएको छ। आगामी माघ १ गतेसम्म 'राउण्ड रोविन लिग'का आधारमा सञ्चालन भएको प्रतियोगितामा महिला र पुरुष गरी १० टिमको सहभागिता छ। प्रतियोगिताको उपाधि विजेता महिला/पुरुष टोलीले समान रु तीन/तीन लाख, उपविजेता महिला/पुरुष टिमलाई समान रु एक लाख ५० हजार, तृतीय हुने महिला/पुरुष टिमलाई समान नगद रु ७५ हजार र सान्त्वना हुने महिला/पुरुष टिमलाई नगद रु ३५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। यसैगरी महिला तथा पुरुषतर्फ उत्कृष्ट एक/एक खेलाडीलाई समान रु २५/२५ हजारका दरले पुरस्कार प्रदान गरिनेछ। यसैगरी उत्कृष्ट पाँच विधाका खेलाडीलाई जनही रु १०/१० हजारसहित र ट्रफीद्वारा सम्मान गरिने टाइगर ग्रुप पोखराका अध्यक्ष नारायण शर्माले जानकारी दिनुभयो।

## पाँच महिनामा...

वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको सङ्ख्या उल्लेख्यरूपमा वृद्धि भई एक लाख ३१ हजार ८२ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ९२.७ प्रतिशतले घटेको थियो।

त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनःश्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा अवधिमा २९५.८ प्रतिशतले वृद्धि भई ९९ हजार ५८० पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ७७.३ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर ५.७ प्रतिशतले कमी आई रु ४३३ अर्ब ९२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ८.५ प्रतिशतले बढेको थियो।

## १५ हजार...

क्रमण भएको जिल्ला मोरङ, काठमाडौँ, ललितपुर, भक्तपुर र कास्की रहेका छन्।

यस्तै २०० भन्दा बढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, चितवन मकवानपुर, बाँके, रुपन्देही र कैलाली रहेका छन्। शून्य सङ्क्रमित भएका जिल्लामा मुगु मात्र छ। नेपालमा सङ्क्रमण दर १६.९ प्रतिशत रहेको छ।

बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर

परीक्षण गरिने रोगहरुः

बाथ रोगः घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला।

प्यारालाइसिसः शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु।

ढाड दुख्नेः ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने।

विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ।*

सर्म्पकः

स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा।*

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :

माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी

कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ । –चाणक्य

## सम्पादकीय

# खोपमा सुस्तता

कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन यति धेरै फैलिएको छ कि त्यसका विरुद्ध जुध्ने हाम्रो तयारी सुस्त छ। सरकारले नागरिकलाई सचेत गराउन पनि विदेशी सहयोग चाहिन्छ भै गरेको छ। दुई वर्ष अघिको अवस्था र अहिले अन्तर आएको छ। कोरोना विरुद्धको खोप आएपछि प्रतिरोधी क्षमता बढाएको छासबैको निम्ति नयाँ अनुभव भएको हुँदा सरकारले पहिलो लहरमा कोरोना सचेतना र सुरक्षामा कडाइ भयो । स्वाब परीक्षण, कन्ट्याक्ट ट्रेसिङ, क्वारेन्टाइन र आइसोलेसनलाई एकहद सम्म व्यवस्थित गरिएको थियो । जसका कारण कोरोना संक्रमण विस्तार हुन पाएन । मानवीय क्षति पनि कम भयो। दोस्रो लहरमा कोरोनाविरुद्ध हाम्रै लापरवाहीले गर्दा धेरैले ज्यान गुमाए। पहिलो लहरमा अपनाइएका सावधानी नागरिक र राज्य स्तरमा आधा पनि पालना भएन।

जसका कारण नियन्त्रणका उपाय हुँदाहुँदै पनि संक्रमितको संख्या बढ्ने र ज्यान गुमाउने धेरै भए । अहिले तेस्रो लहरको खतरा बढ्दै गएको छ। ओमिक्रोनको संक्रमण विस्तार पहिलो र दोस्रो लहरभन्दा बढी छ। त्यसैले पहिलो र दोस्रो लहरभन्दा अझ बढी स्वास्थ्य सुरक्षा र सावधानी अपनाउनुपर्छ। तेस्रो लहर पूर्व नै होल्डिङ सेन्टर, आइसोलेसन, आईसीयु, कोरोना विशेष अस्पतालबारे राम्रो तयारी गर्नुपर्छ। सीमा नाका पहिलो लहरमा जस्तै निश्चित समयका लागि ठप्प पार्नुपर्छ। भीड हुने कार्यक्रममा पनि रोक लगाउनुपर्छ। स्वास्थ्य सावधानीबारेका सूचना प्रवाह बढाउनुपर्छ। धेरैले कोरोनाविरुद्धको खोप लगाएका छन्। संक्रमित हुनबाट जोगिन्छ भन्ने भ्रम पालेर नबसौं। भौतिक पूर्वाधार निर्माणमा तम्तयार भएर बसौं। कोरोनाका नाममा अकालमा धेरैले ज्यान गुमाउने खतराबाट जोगाउन समयमै सावधानी अपनाउन जरुरी छ।

कोभिड-१९ विरुद्धको खोप गाउन सुरु गरिएको एक वर्ष पूरा हुन लागेको छ। पहिलो लटमा केही अनुदान र केही खरिदको खोप आएपछि नेपालाई थप खोप पाउन हम्मेहम्मे परेको थियो। तर, दोस्रो लहरको संक्रमण कम भएसँगै नेपालमा विभिन्न देशबाट अनुदानको खोप निरन्तर आइरह्यो । यसबाहेक सरकारले खोप खरिदको दायरा पनि बढायो। तर, खोप लगाउने गति भने अपेक्षाकृत रूपमा बढेन। खोपको गति नबढ्नुमा सरकारको आन्तरिक व्यवस्थापनमा कमजोरी भएको विज्ञहरूको बुझाइ छ। पहिलो खोपको पर्याप्त उपलब्धता र दोस्रो आन्तरिक व्यवस्थापन । त्यसमध्ये दोस्रो चुनौतीमा अहिले सरकार अलमलिरहेको छ। यसैकारण जनशक्ति भएर पनि सरकार दैनिक पाँच लाखभन्दा बढी नागरिकलाई खोप दिनका पछि परिरहेको देखिन्छ। पुस अन्तिमसम्म ८० प्रतिशत खोप कभरेज भइसक्नुपर्ने हो। सरकारले पहिले खोप ल्याउनै ढिला गर्‍यो। ल्याएपछि अहिले लाउन ढिलो भयो। कमसेकम जिल्ला अस्पतालहरूबाट मात्रै पनि खोप दिएको भए कभरेज बढ्ने थियो। दैनिक कम्तीमा पाँच लाख जनालाई खोप लगाउनेगरी सरकार अघि बढ्नुपर्ने बेला आएको छ।

सरकारले माघ ७ गतेदेखि हरेक सार्वजनिक निकायमा विना खोप कार्ड प्रवेश गर्न नदिने निर्णय गरिसकेको छ। यसैअनुसार लक्षित सबै नागरिकलाई खोप लिन सरकारले पटक पटक आह्वान पनि गरिरहेको छ। तर, नगर क्षेत्रकै केही स्थानहरूमा कोभिड विरुद्धको खोपको महत्वबारे नागरिकलाई बुझाउन जनप्रतिनिधिहरूलाई मुस्किल परेको छ । भारतसँग सीम(ना जोडिएका क्षेत्रमा बसोबास गर्ने र मुस्लिम समुदायका केही मानिसहरू भेरोसेल खोप लगाउन मान्दैनन् । "सीमाका नागरिक चाइनिज खोप भनेर लगाउन मान्दैनन्। उनीहरूलाई आश्वस्त पार्न हामी प्रयास गरिरहेका हुन्छौं, "प्रदेश २ स्वास्थ्य निर्देशनालयका तथ्यांक अधिकृत सरोज यादवले भने, "केही मुस्लिम समुदायमा पनि खोप लगाउन नमान्ने नागरिक छन् । यी सबै समुदायलाई समेट्दै खोपको कभरेज बढाउन लागि परेका छन।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : मन चञ्चल | धनु | : झमेला बढ्ने |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# प्रधानमन्त्री कप क्रिकेट : सुदूरपश्चिम विजयी

**रासस**
**काठमाडौं, २९ पुस**

प्रधानमन्त्री कप राष्ट्रिय टी-ट्वान्टी क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बिहीबार भएको समूह 'ए' अन्तर्गतको खेलमा सुदूरपश्चिमले कर्णाली प्रदेशलाई ४७ रनले पराजित गर्दै प्रतियोगितामा पहिलो जित हासिल गरेको हो।

यसअघि सुदूरपश्चिम नेपाल पुलिस क्लबसँग दुई रनले पराजित भएको थियो । सुदूरपश्चिमले दिएको १५४ रनको चुनौती पछ्याउने क्रममा कर्णाली १९ दशमलब १ ओभरमा सबै विकेट गुमाउँदै १०६ रनमा समेटियो । कर्णालीका कप्तान रवीन्द्र शाहीले सर्वाधिक ३५ रनको योगदान दिए । उनले ४३ बल खेल्दै चार चौका हाने। अर्जुन घर्तीले २४ बलमा तीन चौका र एक छक्काको मद्दतमा ३० रन जोडे । बलिङतर्फ सुदूरपश्चिमका शेर मल्लले सर्वाधिक ४ विकेट लिए । हेमन्त धामीले दुई तथा आदित्य महता, गजेन्द्र बोहरा र विकास आग्रीले एक-एक विकेट लिए। त्यसअघि टस हारेर ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १५३ रन जोड्यो। सुदूरपश्चिमका लागि अर्जुन साउदले सर्वाधिक ३२ रनको योगदान गरे । उनले २३ बल खेल्दै चार चौका र एक छक्का प्रहार गरे। वसन्त कार्कीले २८, दीपक बोहराले २५ र खडग बोहराले २२ रनको योगदान दिए।

बलिङतर्फ कर्णालीका प्रकाश जैसीले सर्वाधिक ३ विकेट लिए। रवीन्द्र शाही र दिवान पुनले दुई-दुई तथा दिनेश अधिकारीले एक विकेट लिए। तीन खेल खेलेको कर्णालीको यो दोस्रो हार हो । यसअघि कर्णाली त्रिभुवन आर्मी क्लबसँग ६३ रनले पराजित भएको थियो। कर्णालीले प्रदेश नं १ लाई भने ३१ रनले पराजित गरेको थियो।

# पृथ्वी जयन्तीमा अन्तरक्रिया कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ पुस**

राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीको अवसरमा राष्ट्रपिता तथा आधुनिक नेपालका जन्मदाता पृथ्वीनारायण शाहको जन्मोत्सवको उपलक्ष्यमा विवेकशिल साझा पार्टीले गण्डकी प्रदेश स्तरीय नेताहरूको उपस्थितिमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ।

विवेकशिल साझाको पार्टी कार्यलय सृजनाचोकमा भएको कार्यक्रममा केन्द्रिय कार्यसम्पादन समिति सदस्यमा हिरामणि पौडेल, प्रदेश सहसंयोजक जमुना शर्मा, केन्द्रिय सदस्य माधव भण्डारी, श्री कृष्ण श्रेष्ठ, अर्जुन खनाल, महानगर प्रमुख अजय श्रेष्ठ, युवा संगठन बिभाग प्रमुख बिजय पराजुली, सुचना तथा संचार बिभाग प्रमुख शिबराज बराल, वडा न, ९ का संयोजक प्राध्यापक सुर्यभक्त सिग्देल, प्राध्यापक तथा सल्लाहकार सबिन्द्र राज भण्डारी, कृष्ण प्रसाद बास्तोला लगायतले पृथ्वीनारायण शाहको जिबनी र योगदानको बारेमा चर्चा गर्नुभएको थियो।



१७७९ मा गोर्खामा जन्मिएका पृथ्वीनारायण शाहले २० बर्षको कलिलो उमेरमा गोर्खाको राजा बनि एकीकरण अभियानलाई ससक्त र बलियो बनाउदै ३१ वर्षसम्म नेपाल एकीकरणको अभियानमा अनवरत लागिरहे, १८३१ मा नुवाकोटको दधिकोटमा देहत्याग गरेका पृथ्वीनारायण शाहको अधुरो एकीकरणको अभियानलाई बुहारी राजेन्द्र लक्ष्मी र छोरा बहादुर शाहले पुरा गरेका थिए, नेपाल एकीकरण अभियान ७२ बर्षसम्म निरन्तर रहेको थियो। अहिलेको सरकारले रास्ट्र निर्माता प्रति गरेको अवमूल्यन र अपमानले सम्पुर्ण रास्ट्र भक्ति नेपालीको भावना माथि गहिरो चोट पुगेको कुरा उपस्थित वक्ताहरुले प्रष्ट पारेका थिए राजतन्त्र कि राजसंस्था भन्ने बिच पनि बहस चलेको थियो, तर अहिलेको अवस्थामा संबैधानिक राज संस्थानै उपयुक्त हुन्छ र हाम्रो पार्टीले पनि यसै बिषयमा सडक र सदन सम्म आवाज बुलन्द पारेको कुरा केन्द्रिय कार्यसम्पादन समिति सदस्य हिरामणि पौडेलले बताए। बिबेकशिल साझा गण्डकी प्रदेश सह-संयोजक जमुना शर्माको अध्यक्षतामा सुरु भएको कार्यक्रममा पार्टीका बिशिस्ट ब्याक्तित्वहरुको पनि उपस्तिथि रहि अन्तरक्रिया कार्यक्रम सभ्य र भब्य रुपमा सफल भएको कुरा पार्टीका सुचना तथा संचार बिभाग प्रमुख सिबराज बराललले बताए । आगामि बर्ष पृथ्वी जयन्ती तथा एकता दिवस भब्य र सभ्य रुपमा मनाउने कुरामा कसैको दुइमत नरहने कुरा केन्द्रिय सदस्य अर्जुन खनालले बताए। पृथ्वीनारायण शाहको जिबनीको बारेमा केन्द्रिय सदस्यद्वय श्री कृष्ण श्रेष्ठ र माधव भण्डारीले प्रष्ट पारेका थिए, कार्यक्रमको समापन गण्डकी प्रदेश सह-संयोजक जमुना शर्माले गरेकी थिइन।

# तीन सञ्चारकर्मी पुरस्कृत

**रासस**
**बागलुङ, २९ पुस**

प्रेस चौतारी नेपाल जिल्ला शाखा बागलुङद्वारा स्थापित 'प्रेस चौतारी क्रियाशील पत्रकारिता पुरस्कार'बाट तीन सञ्चारकर्मी पुरस्कृत भएका छन् ।

शाखाको छैटौं अधिवेशनका अवसरमा बिहीबार तीनैजनालाई २०७५, २०७६ र २०७७ सालको पुरस्कार एकसाथ प्रदान गरिएको हो।

पुरस्कृत हुनेमा रामकृष्ण शर्मा, रामकृष्ण बोहोरा र गणेश पौडेल रहेका छन् । उनीहरूलाई जनही रु १० हजार राशिबाट पुरस्कृत गरिएको हो । शर्मालाई २०७५, बोहोरालाई २०७६ र पौडेललाई २०७७ को पुरस्कारबाट सम्मान गरिएको शाखा अध्यक्ष उमाकान्त शर्माले जानकारी दिनुभयो ।

अधिवेशनको उद्घाटन समारोहमा नेकपा (एमाले)का पोलिटब्यूरो सदस्य लीलबहादुर थापा र शाखा अध्यक्ष शर्माले पत्रकारत्रयलाई संयुक्तरूपमा नगद, प्रमाणपत्र र दोसल्ला ओढाइ सम्मानित गर्नुभएको हो।

बोहोरा ढोरपाटन दैनिकको कार्यकारी सम्पादक र पौडेल गोरखापत्र दैनिकमा आवद्ध हुनुहुन्छ। विसं २०७३ मा स्थापित सो पुरस्कारबाट यसअघि पत्रकार हरिनारायण गौतम र रामबहादुर जिसी पुरस्कृत भइसक्नुभएको छ।

# तनहुँ महोत्सव तथा माघे पर्व स्थगित

**रासस**
**तनहुँ, २९ पुस**

तनहुँ उद्योग वाणिज्य सङ्घ तनहुँको आयोजनामा हुने भनिएको आठौँ तनहुँ महोत्सव स्थगित गरिएको छ।

तनहुँ उद्योग वाणिज्य सङ्घ आयोजक तथा दमौली बजार एकाइ समिति सहआयोजक रहेको महोत्सव स्थगित गरिएको हो । सङ्घका महासचिव सुवोध अधिकारी र अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले संयुक्त रुपमा प्रेस विज्ञप्ति जारी गर्दै माघ १९ गतेदेखि फागुन १ गतेसम्म सञ्चालन गर्न लागिएको महोत्सव स्थगित गरिएको जनाउनुभयो । नेपाल-भारतलगायत विश्वव्यापी रुपमा तीव्र रुपमा फैलिँदै गएको कोरोना भाइरसको तेस्रो लहर ओमिक्रोनका कारण अर्को सूचना जारी नहुँदासम्मको लागि महोत्सव बन्द गर्ने निर्णय गरिएको सो विज्ञप्तिमा उल्लेख गरिएको छ।

यसैबीच माघ १ गते दमौलीमा हुन लागेको मकर सङ्क्रान्ति पर्व पनि स्थगित गरिएको छ । नेपाल मगर सङ्घ जिल्ला समन्वय समितिका सचिव नन्दु थापामागर र अध्यक्ष मनिराज थापामगरले संयुक्तरुपमा आज विज्ञप्ति जारी गर्दै कोभिड-१९ को अवस्थालाई दृष्टिगत गरी कार्यक्रम बन्द गरिएको जनाउनुभएको हो।

# ताकमकोतबाट प्याराग्लाइडिङको परीक्षण उडान सफल

**पोखरापत्र संवाददाता**
**बेनी, २९ पुस**

म्याग्दीको धवलागिरि गाउँपालिका-७ स्थित धार्मिक पर्यटकीयस्थल ताकमकोतबाट साहसिक मानिने प्याराग्लाइडिङको परीक्षण उडान सफल भएको छ । भ्रमणको क्रममा आएका अष्ट्रियाका एक नागरिकले बिहीबार ताकमकोत परिसरबाट प्याराग्लाइडिङको उडान गर्नुभएको थियो।

समुन्द्री सतहदेखि दुई हजार ५०० मिटर उचाइमा रहेको कोत परिसरबाट प्याराग्लाइडिङको उडान गर्नुभएका उहाँले करिब आधा घण्टा आकासमै बिताएर ताकमको किमचौर फाँटमा अवतरण गर्नुभएको स्थानीयवासी कृष्णराज पौडेलले जानकारी दिनुभयो । "यो ताकमकोतबाट भएको पहिलो प्याराग्लाइडिङ हो, आँखै अगाडि देखिने मनोरम हिमशृङ्खलाको अवलोकन गर्दै उहाँले प्याराग्लाइडिङ गर्नुभयो, यहाँबाट प्याराग्लाइडिङको उडान गर्ने सम्भावनालाई उजागर भएको छ"- उहाँले भन्नुभयो।

ताकमदेखि मोटरसाईकल हुँदै कोत परिसर पुगेर पर्यटकले आकासमा प्याराग्लाइडिङ गर्नुभएको थियो। खुला आकासमा चराजस्तै उडेर वरिपरिका हिमालको अवलोकनसँगै भू-सतह नियाल्नुको आनन्दले लोभ्याएको उहाँले प्रतिक्रिया दिनुभयो । ऐतिहासिक ताकम कोत मन्दिर पुनःनिर्माण गरी अन्य पर्यटन पूर्वाधार निर्माण भइरहेको अवस्थामा प्याराग्लाइडिङको सफल उडान भएपछि स्थानीयवासी उत्साहित बनेका छन् । ताकम गाउँको शिरमा रहेको यो कोतमन्दिर १६औं शताब्दीमा तत्कालीन राजाले निर्माण गरेका थिए। पूजाआजा र भाकल गरेमा मनोकांक्षा पूरा हुने विश्वासका साथ विजया दशमीको नवदुर्गा, जेष्ठ पूर्णिमा, मङ्सिर पूर्णिमा, चैत्राष्टमी पर्वका अवसरमा पूजाआजा र भाकल गरी बलि चढाउन यस कोतमा भक्तजनको घुइँचो लाग्नेगर्छ । कोत घरको रूपमा समेत प्रयोग भएको उक्त मन्दिरमा ऐतिहासिक महत्वका तोप, तरबार, खुँडा, खुकुरी, ढाललगायतका हातहतियार छन्।

ताकमकोतबाट बाइसे/चौबीसे राज्यका पालामा थापा राजाले २०० वर्षसम्म राज्य सञ्चालन गरेको इतिहास छ । धार्मिक दृष्टिकोणमा महत्वपूर्णस्थलको रूपमा परिचित ताकमकोत क्षेत्र पर्यटकीय दृष्टिकोणमा समेत सम्भावनायुक्त क्षेत्र हो । यहाँबाट गुर्जा, धौलागिरि, निलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाको साथै मनोरम पहाडी भूगोल, ग्रामीण बस्ती र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ। धार्मिक, ऐतिहासिक महत्व बोकेको ताकमकोतलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न लागिएको वडा अध्यक्ष कलानिधि सुवेदीले जानकारी दिनुभयो।

# ६५ हजार पशुलाई पूर्ण खोप दिइने

**पोखरापत्र संवाददाता**
**बागलुङ, २९ पुस**

जिल्लाका तीन स्थानीय तहका सबै पशुचौपायालाई पूर्णखोप दिने अभियान सुरु गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङले सङ्घीय, प्रदेश र स्थानीय सरकारसँगको समन्वयमा पशुमा पूर्ण खोप लगाउने भएको हो।

बागलुङ नगरपालिका तथा काठेखोला र ताराखोला गाउँपालिकामा खोप अभियान सञ्चालन गरिने केन्द्रले जनाएको छ । पहिलो चरणमा बागलुङ नगरपालिकामा आगामी माघ १५ गतेदेखि अभियान सञ्चालन हुँदैछ । पशुचौपायामा देखिने खोरेत, चर्चरे, भ्यागुते, पीपीआर र स्वाइनफिबरलगायतका खोप लगाइने पशु स्वास्थ्य अधिकृत केशव शर्माले जानकारी दिनुभयो । यी रोगका कारण किसानले बर्सेनि क्षति बेहोर्दै आएका छन् । हरेक वर्ष पशु उत्पादनमा भइरहेको क्षतिको न्यूनीकरणका लागि पूर्ण खोप अभियान सञ्चालन गर्न लागिएको हो । तीन पालिकामा फरक फरक समयमा खोप अभियान सञ्चालन हुने शर्माले बताउनुभयो । "बागलुङ नगरपालिकामा अभियान सञ्चालनका लागि पहिलो चरणमा गोष्ठी सम्पन्न भएको छ", शर्माले भन्नुभयो, "माघ महिनाभरिमा नगरभरिका पशुचौपायालाई खोप लगाइसक्ने गरी योजना बनेको छ।" हरेक वर्ष पशुलाई लगाउनुपर्ने खोप नपाएका कारण रोगबाट पशुचौपाया प्रभावित हुने गरेका छन् । बङ्गुर, बाख्रा र भैंसीमा देखिने रोगले किसान आजित छन्। सबै पशुलाई खोप निःशुल्क लगाइने भएकाले अभियान सञ्चालन भएका बेला खोजीखोजी खोप लगाउन विज्ञ केन्द्रले अनुरोध गरेको छ । यो अभियान बागलुङमा पहिलोपटक सुरुआत भएको हो। अभियानअन्तर्गत ४० हजार ठूला पशु र २५ हजार साना पशुलाई खोप लगाउने लक्ष्य केन्द्रको छ।


## बालविकास केन्द्र सहजकर्ता आवश्यकता

प्रथम पटक प्रकाशित मिति २०७८/९/३०

श्री राजपुर मा.वि. शु.न.पा.-११, तनहुँमा सञ्चालित बालविकास केन्द्रलाई शुक्लागण्डकी नगरपालिका नगरसभाको मिति २०७८/३/१० को निर्णय र शु.न.पा. को मिति २०७८/०९/२२ को पत्र संख्या २०७८/०७९ को चलानी नं. ११२८ को अनुमति पत्रको आधारमा तपशील बमोजिम खुला प्रतिस्पर्धाबाट पदपूर्ति हुने गरी इच्छुक उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ।

**तपशील**

**विज्ञापन नं. :** १/०७८/०७९
**पद : प्रारम्भिक बाल शिक्षा केन्द्र सहजकर्ता** **पदसंख्या :** १
**तलब : शुक्लागण्डकी न.पा.ले तोकेअनुसार**
**नियुक्तिको प्रकार : अस्थायी/करार**
**शैक्षिक योग्यता : +२ उत्तीर्ण उत्तीर्ण (तालिम प्राप्त)**
**आवश्यक कागजातहरु :**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि २ थान
- अध्यापन अनुमति पत्र, अनुभव, तालिमका प्रमाणपत्रको प्रतिलिपि

**आवेदन शुल्क :** रु. १०००।-
**दरखास्त बुझाउने अन्तिम मिति :** २०७८/१०/१४ को कार्यालय समयभित्र स्वयं उपस्थित भई हस्तलिखित दिनुपर्नेछ।
**परीक्षाको किसिम : लिखित, मौखिक**
**निवेदन दिने स्थान : श्री राजपुर मा.वि., शु.न.पा.-११, तनहुँ**
**सम्पर्क मिति :** २०७८/१०/१५ (परीक्षा मिति सम्पर्क मितिमा तोकिनेछ।)
**सम्पर्क नं. :** ९८५६०२७४८१

**श्री राजपुर माध्यमिक विद्यालय**
**शुक्लागण्डकी न.पा.-११, तनहुँ**

